गोकुलगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७७/०९/१७

**भाग-२**

## गोकुलगंगा गाउँपालिका

# गोकुलगंगा गाउँपालिकाबाट अनुदान/राहत दिने सम्बन्धमा व्यबस्थापन गर्न बनेको नियमावली २०७७

आज्ञाले,

ओम प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

# गोकुलगंगा गाउँपालिकाबाट अनुदान/राहत दिने सम्बन्धमा व्यबस्थापन गर्न बनेको नियमावली २०७७

**प्रथम संशोधन मिति : २०७९/०५/१६**

**प्रस्तावना :** गोकुलगंगा गाउँपालिकाबाट अनुदान राहत दिने सम्बन्धमा व्यबस्थापन गर्न बनेको ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी गोकुलगंगा गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

### १. संक्षिप्त नाम र प्रारम्भ :

१) यो नियमावलीको नाम गोकुलगंगा गाउँपालिकाबाट अनुदान राहात दिने सम्बन्धमा व्यबस्थापन गर्न बनेको नियम २०७६ रहेको छ।

२) यो नियमावली गोकुलगंगा गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखी प्रारम्भ हुनेछ।

### २. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ख) उपाध्यक्ष भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

घ) कार्यपलिका भन्नाले गोकुलगंगा गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ङ) गाउँपालिका भन्नाले गोकुलगंगा गाउँपालिका सम्झनु पर्दछ।

च) बिषयगत शाखा भन्नाले कार्यपालिका अन्तर्गतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा ईकाई सम्झनु पर्दछ। यस शब्दले संविधान बमोजिम गाउँपालिकालाई तोकिएको कार्य सम्पादन गर्नको लागि गाउँ कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, पशुबिकास जस्ता क्षेत्रगत कार्यालय वा ईकाईलाई समेत सम्झनु पर्दछ।

छ) अशक्त घायल भन्नाले दुर्घटनामा परी हिडडुल गर्न नसक्ने गरी अङ्गभङ्ग भएको व्यक्ति सम्झनु पर्दछ।

ज) बिषयगत क्षेत्र भन्नाले १ च बमोजिमका क्षेत्र सम्झनु पर्दछ।

### ३. प्राकृतिक विपद् वा गैर विपद्को कारण उत्पन्न हुने मानवीय वा भौतिक क्षतिको लागि दिईने राहात सम्बन्धी व्यबस्था :

१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्को कारण गोकुलगंगा गाउँपालिकाका नागरिकको मृत्यू भई ऐनको दफा ३ को उपदफा २ बमोजिमको निवेदन दिएमा सो प्राकृतिक विपद् वा गैर विपद्को कारण मृत्यू भएमा नजिकको हकदारलाई रु. ५००००। राहत वा आर्थिक सहायता गाउँपालिकाबाट दिईने छ।

२) उपनियम १ बमोजिमको कारण अशक्त घायल भएको व्यक्ति भएमा निजको नजिकको हकदारलाई रु. १५०००। राहत वा आर्थिक सहायता दिईने छ।

३) उपनियम १ र २ बमोजिमका मृत्यू वा अशक्त घायल गाउँपालिका क्षेत्रभित्र भएको प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्लाई मात्र राहत वा आर्थिक सहयोग दिईने छ। गाउँपालिका क्षेत्र वाहिर वा बिदेशमा भएको मृत्यू वा अशक्त घायललाई राहत वा आर्थिक सहयोग उपलब्ध हुने छैन।

## ४. प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्को कारण घरपालुवा जनावारको मृत्यू वा भौतिक क्षेति भएमा दिईने राहत :

१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्को कारण घरपालुवा जनावारको मृत्यू भएमा सो विपद्बाट प्रभावित व्यक्तिले ऐनको दफा ४ को उपदफा १ बमोजिम निवेदन क्षेति भएको २१ दिन भित्र दिनु पर्नेछ।

२) उपनियम १ बमोजिमको निवेदन सहित प्रहरी मुचुल्का प्राप्त भएमा जर्सी गाई, लैना भैसी र हल गोरु प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारणले मरेमा एक मृतक पशुको रु. १०,०००।- का दरले हुन आउने रकम विपद्बाट प्रभावित व्यक्तिलाई दिईनेछ।

३) प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारण लैना लोकल गाई, थारो भैसी, गोरु र राँगो मरेमा प्रति जनावार रु. ५,०००।- का दरले हुन आउने रकम विपद्बाट प्रभावित व्यक्तिलाई गाउँपालिकाबाट उपलब्ध हुनेछ।

४) सुँगुर, बंगुर, बाखा, खसी, थारो गाई, पाडापाडी र बाच्छा बाच्छी जस्ता घरपालुवा जन्तु प्राकृतिक वा गैर प्राकृतिक विपद्को कारण मरेमा प्रति जनावार रु. १,०००।- का दरले हुन आउने रकम एकमुष्ठ आर्थिक सहयोग गाउँपालिकाबाट उपलब्ध हुनेछ।

५) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्को कारण भौतिक क्षेति भएमा क्षेतिको विवरण र प्रहरी मुचुल्का सहित गाउँपालिकामा निवेदन विपद्बाट प्रभावित व्यक्तिले क्षेति भएको २१ दिन भित्र दिनु पर्नेछ।

६) उपनियम ५ बमोजिम निवेदन प्राप्त भएपछि क्षेति भएको घर संरचनाको क्षेतिको प्राबिधिक सहितको अनुदान सिफारिश समितिको मुल्यङ्कनका आधारमा देहाय बमोजिम गाउँपालिकाबाट आर्थिक सहयोग प्राप्त हुनेछ।

क) परिवारको नाममा अन्यत्र घरबास नभएको, क्षेती भएको घरबाट समान निकाल्न नसकिने अबस्था एवं घर संरचनाको ८० प्रतिशत सामान काम नलाग्ने भएमा रु. १,००,०००।- (अक्षरेपी एक लाख) मात्र।

ख) विपद्का कारण घर भत्की चर्की बस्न नमिल्ने भएको तर घरको सामान सुरक्षित रहेको र निजको अन्यत्र घर बसोबास भएमा रु. ४०,०००।- (अक्षरेपी चालिस हजार) मात्र।

ग) विपद्का कारण घर संरचनाको आंशिक क्षती भएको तर घरको मर्मत संभार गरी बस्न मिल्ने भएमा रु. २०,०००।- (अक्षरेपी बिस हजार) मात्र।

घ) विपद्का कारण घर सामान्य चर्केको, घर बाहेक भान्सा, गोठ र चर्पि भत्केको अवस्था भएमा रु. १०,०००।- (अक्षरेपी दश हजार) मात्र ।

ङ) विपद्को कारण घर संरचनाको पूर्ण क्षती भई खाद्यान्न र बसोबास विहिन भएमा तत्कालै उद्दार राहत र बसोबास व्यबस्थापनका साथै राशन र भाँडाकुँडा वितरण गर्न पर्ने भएमा पालिका अध्यक्ष, उपाध्यक्ष वा आदेशानुसार सम्बन्धित वडाका वडा अध्यक्ष मार्फत स्थलगत अवस्था बुझी तत्काल रु. १०,०००।- (अक्षरेपी दश हजार) बराबरको सामाग्री उपलब्ध गराईनेछ ।

## ५. गम्भिर प्राकृतिक रोग लागेमा दिईने राहत वा आर्थिक सहायता :

१) ऐनको दफा ५ को उपदफा १ बमोजिमको गम्भिर प्रकृतिको रोग लागेमा गोकुलगंगा गाउँपालिकाबासीलाई एक पटक रु. २५०००। पिडित पक्षलाई आर्थिक सहायता दिईनेछ ।

२) उपनियम १ बमोजिमको आर्थिक सहायता पाउन पिडित पक्षले चिकित्सक्को प्रिस्क्रिप्सन, वडा कार्यालयको सिफारिस सहित निवेदन दिएको ३ दिन भित्र आर्थिक सहायता दिईनेछ ।

३) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि गोकुलगंगा गाउँपालिकाबाट विवहा गरी अन्य गाउँपालिकामा गएकी महिलाको हकमा उपनियम १ बमोजिमको आर्थिक सहायता दिईने छैन तर पतिसंग सम्बन्ध बिच्छेद भई माईत बसेको महिला र अनको साथमा आएका छोरा छोरीको हकमा पिडित पक्षले आर्थिक सहायता पाउनेछ ।

## ६. सामुदायिक विद्यालय वा कलेज वा बिषयगत क्षेत्रमा अनुदान दिने सम्बन्धि व्यबस्था :

१) विद्यार्थि अनुपातमा शिक्षक संख्या कम भएका सामुदायिक विद्यालय र सामुदायिक कलेजलाई गोकुलगंगा गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

२) उपनियम १ बमोजिम गाउँपालिकाबाट दिने र अन्य सबै किसिमको अनुदानको लागि स्थलगत अनुगमन गरी कार्यपालिका समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको अनुदान सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ङ) गाउँपालिकाको ईन्जिनियर | सदस्य |
| च) बिषयगत शाखाको प्रमुख | सदस्य सचिब |

३) उपनियम २ बमोजिमको समितिको बैठकमा आवश्यक्तानुसार २ जना सम्म सल्लाहकार आमन्त्रण गर्न सकिनेछ ।

४) दरबन्दी थप गर्नु पर्ने बिषयमा अनुदान दिनु पर्ने भए थप गर्नुपर्ने दरबन्दी एकिन गरी सिफारिस गर्नु पर्नेछ ।

५) उपनियम २ बमोजिम गठित अनुदान सिफारिस समितिले जुन बिषयमा अनुदान दिन सिफारिस गरेको हो, सोही बिषयमा बिषयान्तर नहुने गरी शिक्षण संस्थाले अनुदानको रकम खर्च गर्नुपर्नेछ ।

६) अनुदान प्राप्त बिद्यालय वा शिक्षण संस्थाले अनुदानको रकम तोसकएको क्षेत्रमा खर्च गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

७) अनुदानको रकम निजि श्रोतबाट तलब भत्ता खाने शिक्षक र बाल शिक्षकको तलबभत्तामा खर्च गर्नुपर्नेछ । दरबन्दिमा रहेका शिक्षकले अनुदानको रकमबाट तोकिएको स्केल र भत्ता भन्दा बढी सुबिधा लिन पाउने छैन ।

८) उपनियम ७ बमोजिमको शिर्षकमा भएको खर्चको विल भरपाई प्र.अ. र व्यबस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरी प्रत्यक बर्षको जेष्ठ १० गते भित्र अषाढ मसान्त सम्मको समेत खर्च प्रक्षेपण गरी गोकुलगंगा गाउँपालिकामा पेश गर्नुपर्नेछ । अषाढ सम्म खर्च हुन नसकेको अनुदानको रकम गाउँपालिकाको सञ्चितकोषमा फिर्ता गर्नुपर्नेछ । अन्यथा सो अनुदानको रकम दिईने छैन ।

९) स्वास्थ्य संस्था, कृषि र पशुबिकास जस्ता बिषयगत कार्यालय वा ईकाइ र अन्य सामाजिक संघ संस्थालाई नियम ७ को उपनियम २ बमोजिमको अनुदान सिफारिस समितिको सिफारिसमा गाउँपालिकाले अनुदान दिनेछ ।

**७. बिद्यार्थि संख्या उत्साहजनक भएका सामुदायिक बिद्यालय वा सामुदायिक कलेजको नाममा नजिकको वाणिज्य बैकमा हुने शैक्षिक अक्षयकोष १० (दश) बर्ष सम्मको लागि कायम रहनेछ ।**

१) नियम ७ बमोजिम स्थापना हुने अक्षयकोषको अबधि थप गर्न सकिनेछ ।

२) नियम ७ बमोजिमको अक्षय कोषको लागि निर्धारित रकम वाणिज्य बैकको मुद्दती खातामा १० (दश) बर्ष सम्मको लागि रहनेछ ।

३) उपनियम २ बमोजिमको अक्षय कोषको ब्याजबाट प्राप्त रकम सम्बन्धित शिक्षण संस्थाको खातामा बैकबाट निकाशा जानेछ ।

४) नियम ७ बमोजिमको अबधि पुरा भए पछि अक्षय कोषको म्याद थप गर्ने वा विघटन गर्ने अधिकार गोकुलगंगा गाउँ कार्यपालिकालाई हुनेछ । शैक्षिक अक्षयकोष बिघटन भएमा सो कोषमा भएको मुद्दती खाताको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।

५) अक्षय कोष सञ्चालनको लागि स्थापना हुने मुद्दती खाता गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको लेखा प्रमुख र शिक्षण संस्थाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

६) अक्षय कोष सञ्चालनको लागि गाउँपालिका, सम्बन्धित शिक्षण संस्था र बैकको बिच त्रिपक्षिय सम्झौता हुनेछ ।

**८. अनुदान सम्बन्धि अन्य व्यबस्था :**

१) कृषि, भेटनरी सम्बन्धि फर्म वा सहकारी संस्थालाई नियम ६ को उपनियम २ बमोजिमको अनुदान सिफारिस समितिको सिफारिसमा अनुदान दिईनेछ ।

२) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भई अध्यक्षबाट प्रमाणिकरण भएको मितिदेखी लागु हुनेछ ।